## १. आर्थिक विकासः

### १.१. कृषि विकास शाखाः

यस अवधिमा सम्पादित मुख्य क्रियाकलापहरु

| क्र.स. | सम्पादित मुख्य कार्यहरु | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | प्राविधिक सेवा | १२७ जना | |
| २. | फिल्ड अनुगमन | ३४ पटक | |
| ३. | तरकारी विउ बिजन वितरण | ७ थरि तरकारी ( वोडी सिमि भिण्टि भण्टा भेडे खुर्सानी ,करेला काक्रो) | जम्मा १७ जनाले ५३ प्याकेट विउ बिजन अनुदानमा वितरण |
| ४. | प्रयोगशाला कार्य | रोग किरा परिक्षण (१७ वटा) | |
| ५. | तालिम | १५ दिने तरकारी खेती सम्बन्धी तालिम प्रदान (३वटा) | |
| ६. | तथ्यांक संकलन | ४ वटा गणनाक्षेत्रमा ६०० घरपरिवार | |
| ७. | नियमित प्रशाशनिक कार्यहरु | | |

### वजेट अनुसार कृषि क्षेत्रका योजना तथा कार्यक्रम :

| बागमति प्रदेश समानिकरण अनुदान | | | | |
|---|---|---|---|---|
| क्र स | कार्यक्रमको नाम | विनियोजित बजेट | वित्तिय प्रगति | भौतिक प्रगति |
| १ | कृषक समुह गठन तथा व्यवस्थापन | २ लाख | ९५.७५% | सबै वडाहरुमा वडास्तरिय कृषक सञ्जाल र पालिकामा पालिका स्तरिय कृषक सञ्जाल गठन भएको |
| २ | कृषि प्रविधि हस्तान्तरण कार्यक्रम | १० लाख | ९१.१५% | ३३ वटा हाते ट्रयाक्टर र ५ वटा च्याफ कटर वितरण भईसकेको, |
| | | | | |
| ३ | तरकारी बाली प्रवर्द्दन कार्यक्रम | १ लाख | ९७.५% | तरकारीहरु (भेडे खुर्सानी, भण्टा, काक्रो, करेला, वोडी र घिउ सिमीको) विउ वितरण भएको |

| | | | | |
|---|---|---|---|---|
| ४ | कृषि उपजको उत्पादनमा आधारित अनुदान कार्यक्रम ( महमा अनुदान) | २.५ लाख | ९७.५५% | महमा उत्पादकत्व वृद्दि व्यवसायिकता वृद्दि |
| ५ | खाद्यान्न बालि प्रवर्द्दन कार्यक्रम | ७.५ लाख | २०.८ % | मकैको उन्नत जातहरु (२००० किलोग्राम) वितरण भएको |
| ६. | बालि संरक्षण कार्यक्रम | ५ लाख | ९७.६% | विभिन्न किटनाशक, ढुसि नाशक विषादि तथा पासोहरु वितरण भईरहेको |
| ७. | बुद्द चित्तको विरुवा वितरण (विद्यालय, संघ, संस्था) | २ लाख | ९७.२५% | संघ,संस्थाहरुलाई बुद्द चित्तको विरुवा वितरण गरिएको |
| बागमति प्रदेश सशर्त | | | | |
| ८. | कृषि व्यवसाय प्रवर्द्दन कार्यक्रम सुनापति ५ | १० लाख | ९९.२५% | सुन्तला जात क्षेत्र विस्तार,सिँचाई पोखरी निर्माण |
| नेपाल सरकार सशर्त | | | | |
| ८. | मकै बाली प्रवर्द्दन कार्यक्रम | ७ लाख | ९९.९५% | उन्नत मकै क्षेत्र विस्तार, आधुनिक यन्त्रहरु खरिद तथा वितरण, सिँचाई पोखरि निर्माण |
| ९. | आ.व. २०८१/८२ मा नयाँ सुन्तला जात पकेट विकास कार्यक्रम | १२ लाख | ९८.९५% | सुन्तला क्षेत्र विस्तार<br>सिँचाई पोखरि निर्माण |
| १०. | कृषि पशुपंक्षी तथा मत्स्य तथ्यांक अद्यावधिक कार्यक्रम | ६०,०००।- | ९९.७५% | वास्तविक तथ्यांक सहितको डिजिटल डाटावेश तयार |
| नेपाल सरकार समानिकरण | | | | |
| ११. | दिमिजी कृषि फार्म वडा नं. ५ | २.५ लाख | ९९.७५% | टिमुर तथा सिस्नो क्षेत्र विस्तार<br>सिँचाई पोखरी निर्माण |

**१.२. पशु सेवा शाखाः**

**यस अवधिमा सम्पादित कार्यक्रमगत प्रगति विवरण**

| कार्यक्रमको नाम | विनियोजित बजेट | सम्पन्न कार्यहरू | मुख्य उपलब्धि |
|---|---|---|---|
| १. उत्पादनमा आधारित पशुपालन प्रवर्दन कार्यक्रम (दुध,कुखुराको मासु ,र अण्डा मा अनुदान) | रु १०,००,००० | स्थानीय उत्पादनमा आधारित लाभग्राही छनोट, अनुदान वितरण, सुपरिवेक्षण | अनुदान प्राप्त घरधुरीलाई अनुदान वितरण, दुध/अण्डा/मासु उत्पादनमा वृद्धि |
| २. बाख्रा स्रोत केन्द्र कार्यक्रम | रु ५,००,००० | स्रोत बाख्रा खरिद/वितरण, खोर निर्माण,नश्ल सुधार तथा छनौट,घाँसेवाली तथा डालेघाँस विस्तार, अनुगमन कार्य सम्पन्न<br>बाख्रा स्रोत केन्द्र स्थापना | स्थायी स्रोत केन्द्र स्थापना/उच्च प्रजन्न मान भएका पाठापाठी बिक्री वितरण गरी उत्पादन तथा उत्पादकत्व बृद्धि हुने |
| ३. पशुपालन प्रवर्द्धन (बङ्गुर कार्यक्रम) | रु ७,००,००० | भाले/माउ बंगुर खरिद, फार्ममा आवश्यक यन्त्र उपकरण खरिद, प्राविधिक सुपरिवेक्षण | बंगुर फार्मको उत्पादन तथा उत्पादकत्वमा बृद्धि हुने |
| ४. कृषि व्यवसाय प्रवर्द्धन(बाख्रा पालन) | रु ५,००,००० | पशु व्यवसाय विस्तार सम्बन्धी कार्यक्रम, बोका/माउ बाख्रा खरिद,यन्त्र उपकरण खरिद,आहारा व्यवस्थापन आदी | बाख्रा पालन व्यवसाय प्रवर्दन भई उत्पादन तथा उत्पादकत्व बृद्धि हुने |
| ५. महामारी आकास्मिक रोग नियन्त्रण कार्याक्रम | रु ८०,००० | माहामारी रोग नियन्त्रण गर्न औषधि खरिद, | सबै वडाहरु बाट औषधी वितरण तथा उपचार सेवा |

**१.३. उद्यम विकासः**

**उद्यम विकास शाखाको यस अवधिमा सम्पादित भौतिक तथा वित्तीय प्रगति विवररण**

| क्र. स. | स्वीकृत कार्यक्रम | जम्मा स्वीकृत वजेट | खर्च रकम रु | प्रगति प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | सुनापति गाउँपालिकाको आर्थिक सहयोग र राष्ट्रिय युवा परिषद्को प्राविधिक सहयोगको संयुक्त साझेदारीमा ७ दिने उद्यमशिलता तथा वित्तीय साक्षरता तालिम वडा नं ३ मा सम्पन्न। | १४०२५०।- | १४०२२५।- | ९९.९८ |
| २ | गलैंचा प्रवर्द्धनका लागि प्रदेश विशेष अनुदान बाट विनियोजित वजेट गलैंचा बुनाई सम्बन्धी सीप विकास तालिम सञ्चालन तथा आवश्यक मेशिन औजार खरिद कार्य सम्पन्न। | ३००००००। | ३००००००।- | १०० |
| ३ | वडा न. ३ लामाटोलमा गलैंचा बुनाई सीप विकास तालिम सम्बन्धी ८ दिने उद्यमशिलता तालिम समपन्न । | ६४४००।- | ६४४००।- | १०० |
| ४ | गलैंचा प्रवर्द्धनका लागि प्रदेश विशेष अनुदान बाट विनियोजित वजेट गलैंचा बुनाई सम्बन्धी सीप विकास तालिम सञ्चालनका लागि ७ वटा समूह गठन कार्य सम्पन्न । | ७२३५०।- | ७२३५०।- | १०० |
| ५ | गलैंचा प्रवर्द्धनका लागि प्रदेश विशेष अनुदान बाट विनियोजित वजेट गलैंचा बुनाई सम्बन्धी सीप विकास तालिम सम्पन्न । | २००००००। | २००००००।- | १०० |
| ६ | गृहिणी महिला सशक्तिकरणका कार्यक्रम अन्तर्गत स्थानीय स्तरमा सम्भावना भएका सीप मुलक तालिमको लागि समूह गठन कार्य सम्पन्न । | २०००००।- | १३२०००।- | ६६ |
| ७ | गृहिणी महिला सशक्तिकरणका कार्यक्रम अन्तर्गत स्थानीय स्तरमा छनौट भएका गलैंचा बुनाई सम्बन्धी सीप विकास तालिमको लागि मेशिन औजार खरिद कार्य सम्पन्न । | १००००००। | ९४५८१०।- | ९४.५८ |
| ८ | गृहिणी महिला सशक्तिकरणका कार्यक्रम अन्तर्गत स्थानीय स्तरमा छनौट भएका तरकारी उत्पादन सीप विकस तालिम वडा नं १, २, ४ मा र गलैंचा बुनाई सम्बन्धी सीप विकास तालिम वडा नं १ र ५ मा सम्पन्न । | ६०००००।- | ५९९९९०।- | ९९.९९ |
| ९ | गृहिणी महिला सशक्तिकरणका कार्यक्रम अन्तर्गत स्थानीय स्तरमा गठन भएका ५ वटा समूहको बैंक खातामा विउपूजी रकम निकासा कार्य सम्पन्न । | ५०००००।- | ५०००००।- | १०० |

### १.४. सहकारी तर्फः

- ✓ सुनापति गाउँपालिका भित्र कृयाशिल मध्य २१ वटा सहकारीहरुका कर्मचारी र संचालन गरि कुल ३५ जना लाई सहभागी गराई लेखा तथा सहकारी व्यवस्थापन तालिम प्रदान गरिएको छ ।
- ✓ सहकारी सुधार योजनाको निर्माण भएकोछ ।

**१.५. सामी रोजगार प्रवर्द्धन तर्फः**

- मनोसामाजिक परामर्श कार्यक्रम अन्तर्गत बार्षिक लक्ष्य ३० जना हाल सम्मको प्रगति २२ जना र अघिल्लो वर्षको केश ६ जना गरि जम्मा २८ जनालाई परामर्श प्रदान गरियो ।
- वैदेशिक रोजगारीमा रहेका व्यक्तिको परिवारका सदस्यहरुलाई लक्षित गरि संचालन गरिएको वित्तीय साक्षरता कार्यक्रम अन्तर्गत २ वटा समुहमा २१ हप्ते वित्तीय साक्षरता कक्षा समापन गरिएको ।
- १ दिवसिय ५ वटा समुदायिक समुहहरुमा १५५ जनालाई ,३ दिवसिय ३ वटा समुदायिक समुहहरुमा ८८ जनालाई र २ वटा विद्यालयमा गरि १७७ जना विद्यार्थीहरुलाई लक्षित गरि वित्तीय साक्षरता कार्यक्रम संचालन गरियो।
- वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षाका ६५ जनालाई ब्यबसाय सचेतना सम्बन्धी ५ दिने तालिम संचालन गरि सम्पन्न गरियो ।
- विभिन्न स्थानाहरुमा विभिन्न मितिमा ७२० जना सहभागी गराई बैदेशिक रोजगारमा रहेका परिवार, बैदेशिक रोजगारमा जान चाहने/तयारीमा रहेका ब्यक्तिहरु,सामुदायिक समुहहरुलाई सुरक्षित बैदेशिक रोजगार सम्बन्धी गहन अभिमुखिकरण कार्यक्रम संचालन गरि सम्पन्न गरियो ।
- जनप्रतिनिधिहरु र गाउँपालिकाका कर्भचारीहरु समेतको सहभागीतामा सरोकारवालाहरुसगं सुरक्षित बैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरि सम्पन्न गरियो ।
- रिटर्नी स्यंमसेवकहरुले यस अवधि सम्म महिला २७१, पुरुष २१९ लाई नयाँ सूचना, महिला १४७, पुरुष १२७ जनालाई फलोअप र १० वटा सामुदायिक समुहहरुका ३३० जनालाई सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सूचना परामर्श प्रदान गरिएको छ ।
- बैदेशिक रोजगारको सिलसिलामा मृत्यु भएको २ जनालाई क्षतिपुर्ति, १ जनाको किरिया खर्च र अंगभंग तथा बिरामी भएका ३ जनालाई उपचार खर्च वापत बैदेशिक रोजगारबोर्डबाट पाउने सुविधाको लागी सहजिकरण गरि कुल जम्मा-रु.२३,२७०००।—अक्षेरुपी : तेईस लाख सत्ताईस हजार रकम दिलाउन सफल भएको छ।

**१.६. रोजगार सेवा केन्द्र तर्फः**

- ✓ श्रमको सम्मान राष्ट्रको अभियान अन्तरगत आ.व. २०८२/०८३ को लागि सबै वडाहरुमा वेरोजगार सूचीकरण चैत्र महिनामा सम्पन्न भएकोछ आ.व. २०८२/०८३ को लागि कुल ७७१ जना बेरोजगार व्यक्तिहरु सूचीकृत भएकाछन।
- ✓ सुनापति गाउँपालिकाको रोजगार रणनीति अध्यावधिक र कार्यान्वयनको लागि सरोकारवालाहरुको भुमिका विषयक कार्यक्रम सम्पन्न भएकोछ सो कार्यक्रमबाट वेरोजगार व्यक्तिहरुले व्यावसाय गर्न चाहेमा बैंक तथा वित्तिय संस्थाहरुले सरल कर्जा सहजीकरण गर्ने भएकोछ।

- ✓ कार्यस्थल सुरक्षा सामग्री खरिद गरि कामदारहरुलाई वितरण गरिएको छ जस्ले गर्दा कार्यस्थलमा हुन सक्ने चोटपटकहरु न्यूनीकरण भएकोछ ।
- ✓ यस अवधी सम्म ९ वटा रोजगार आयोजनाहरुमा ६२ जनाले आंशिक रोजगारी पाएकाछन् ।

## २. सामाजिक विकास

### २.१ <u>शिक्षा शाखाको आ व २०८१।८२ को तेस्रो चौमासिक भौतिक प्रगति विवरण</u>

- ➢ गाउँपालिकाको विद्यालय शिक्षाको तथ्याङ्कलाई वस्तुनिष्ठ बनाउनका लागि सम्पूर्ण विद्यालयमा तथ्याङ्क सम्बन्धी कार्यमा संलग्न शिक्षक कर्मचारीका लागि २ दिने क्षमता विकास तालिम सञ्चालन भएको ।
- ➢ शैक्षिक सत्र २०८१ को गाउँपालिका स्तरीय आधारभूत तह परीक्षा (कक्षा ८) सञ्चालन व्यवस्थापन तथा नतिजा प्रकाशन गरिएको ।
- ➢ SEE तथा कक्षा ८ को परीक्षा अनुगमन तथा सुपरीवेक्षण गरिएको ।
- ➢ IEMIS भर्ने भराउने कार्यमा सहजीकरण गरिएको ।
- ➢ विद्यालयलाई प्रदान गर्नुपर्ने अनुदान लगायतका रकम निकासा गरिएको।
- ➢ पालिका भरिको प्रश्नपत्रमा एकरुपता कायम गरी शैक्षिक सत्र २०८१ को वार्षिक परीक्षा र शैक्षिक सत्र २०८२ को प्रथम त्रैमासिक परीक्षा सञ्चालन एवम् व्यवस्थापन गरिएको ।
- ➢ संघीय एवम् प्रदेश सरकार अन्तर्गतका निकायहरूबाट पत्राचार भए बमोजिमका कार्य सम्बन्धमा समन्वय तथा सहजीकरण।
- ➢ स्थायी शिक्षकको का.स.मु. व्यवस्थापन गरिएको।
- ➢ वडा न.४ डहुमा सञ्चालन भएको थाङ्का तालिमको अनुगमन एवम् तालिम सञ्चालन वापतको रकम भुक्तानी।
- ➢ शिक्षा तालिम केन्द्र धुलिखेलको आयोजना तथा यस पालिकाको समन्वयमा कक्षा १-३ अध्यापनरत शिक्षकका लागि एकीकृत पाठ्यक्रममा आधारित ५ दिने तालिम सञ्चालन गरिएको ।
- ➢ नेपाल स्काउटको आयोजनामा गाउँपालिका स्तरीय अन्तर माध्यमिक हाजिरीजवाफ तथा वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरिएको।
- ➢ विद्यालयहरूको अनुगमन सुपरीवेक्षण गरिएको।
- ➢ विद्यार्थी सङ्ख्या शुन्य भएका पालिका भरिका ५ वटा आधारभूत विद्यालयहरूलाई समायोजन गरिएको।

### २.२. स्वास्थ्य शाखाः

**तेस्रो चौमासिकमासम्पन्न गरेका कार्यक्रमहरु बजेट सहितः-**

- ✓ क्षयरोग अर्ध वार्षिक समिक्षा गोष्ठी रु. २२४५०
- ✓ आयुर्वेदिक औषधि खरिद रु.२०००००
- ✓ पोषण विशेष अभिमुखिकरण दोश्रो चरण रु. ४६३००
- ✓ क्षयरोग दिवस मनाउने कार्यक्रम रु. १७३५०
- ✓ पोषण कर्नर स्थापना रु. ४२६१०
- ✓ पूर्णखोप दिगोपना सुनिश्चितता कार्यक्रम रु.२५२७९३
- ✓ न्युनतम सेवा मापदण्डको मुल्यांकन दोश्रो चरण रु. ४६३००
- ✓ ५ बर्ष मुनिका बालबालिकाहरुलाई भिटामिन ए तथा जुकाको औषधि आम वितरण दोश्रो चरण रु. ९१७००
- ✓ दिर्घ रोगीहरुलाई आषाढ सम्मको मासिक भत्ता भुक्तानी रु. २१२००००
- ✓ महिला स्वास्थ्य स्वयं सेविकालाइ पोशाक भत्ता र प्रोत्साहन भत्ता भुक्तानी रु. १८६१५००
- ✓ निः शुल्क वितरणका लागि अत्यावश्यकीय औषधि खरिद (स्थानीय तह) १६८००००
- ✓ क्षयरोग खकार जाँच शिविर ९५५२४
- ✓ कामा केउरानी सा.स्वा.ई. अनुदान रु. १००००००
- ✓ बेथान र खनियापानी स्वास्थ्य चौकी सबलीकरण रु. ८६८०००
- ✓ गुन्सी स्वास्थ्य चौकी सबलीकरण रु. १००००००
- ✓ धारापानी CHU सबलीकरण रु. १००००००
- ✓ भिरकोट CHU सबलीकरण रु.१००००००
- ✓ स्वारा CHU भवन निर्माण रु. १५०००००
- ✓ विद्यार्थीहरुलाई जुकाको औषधि खुवाउने कार्यक्रम (शुन्य खर्च)
- ✓ म.स्वा.स्व.से हरुलाई मानसिक रोग बारे २ दिने तालिम (जनस्वास्थ्य कार्यालय रामेछाप संगको सहकार्यमा )-(शुन्य खर्च)
- ✓ बर्थिंग सेन्टरका नर्सिङ् कर्मचारीहरुलाई MNH Update/ अनसाइट कोचिङ((जनस्वास्थ्य कार्यालय रामेछाप संगको सहकार्यमा)- (शुन्य खर्च)
- ✓ म.स्वा.स्व.से. आधारभूत तालिम (१० दिने) कार्यक्रम (जनस्वास्थ्य कार्यालय रामेछाप संगको सहकार्यमा)- (शुन्य खर्च) यसमा गाउँपालिकाको तर्फबाट खर्च भएको छैन।

## २.३. महिला विकास शाखाः

- ✓ आमा वुवा विहिन बालवालिका पुर्नस्थापना कार्यक्रम अन्तरगत निवेदन संकलन गरी भत्ता वापत रकम बालबालिकाको संरक्षकलाई प्रदान गरियो ।
- ✓ अपाङ्गता पुर्नस्थापना कार्यक्रम अन्तर्गत अपाङ्गहरुलाई बाटेको धुप बनाउने सीप विकास तालिम सम्पन्न भएकोछ ।

- ✓ घरेलु हिंसा र चेलीवेटी बेचविखन अन्त्यको लागि सचेतना कार्यक्रम सम्पन्न भएकोछ ।
- ✓ बाल विवाह बाल श्रम तथा दाइजो प्रथा अन्त्य गर्न चेतनामुलक कार्यक्रम सम्पन्न भएकोछ ।

**परिचय पत्र वितरणः**

| क्र.स | प्रवाह गरेका सेवाहरुः | प्राप्त उपलब्धिहरु |
|---|---|---|
| १ | जेष्ठ नागरिक परिचयपत्र वितरण | ११२ जनालाई |
| २ | अपाङ्ग परिचयपत्र | |
| | (क) वर्ग) | २ जना |
| | (ख) वर्ग | ३ जना |
| | (ग) वर्ग | २ जना |
| | (घ) वर्ग | १ जना |
| | परामर्श | १० जना |

## ३. संस्थागत सुशासन समितिः

### ३.१ सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखाबाट यस अवधिमा सम्पादित कार्यहरुः

- ➢ ५० वर्ष पुरा भएका एकल पुरुष र वृद्ध कन्याहरूको लागि मासिक रु.१०००/- (एक हजार मात्र) दरले १२० जनालाई पहिलो किस्ता र १११ जना लाई दोस्रो किस्ता भत्ता वितरण गरिएको छ।
- ➢ सामाजिक सुरक्षा भत्ता सहज वितरण कार्यक्रम अन्तर्गत वडा न १ २ र ५ मा बैंकको पहुँचबाट टाढा रहेकोले ९० वर्ष भन्दा माथिको जेष्ठ नागरिक र पूर्ण अपाङ्गता भएका व्यक्तिहरूलाई वडा कार्यालयमा गई १८४३ जनालाई तीन पटक सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।
- ➢ व्यक्तिगत घटना दर्ता सप्ताह २०८२ साल बैशाख १ गते देखी ७ गते सम्म बिभिन्न कार्यक्रम गरि मनाइएको
- ➢ Biometric scanner Device खरिद तथा व्यवस्थापन को लागि विनियोजन सामाजिक सुरक्षा भत्ताको लाभग्राहीलाइ अनिवार्य राष्ट्रिय परिचयपत्र नम्बर सङ्ग लिङ्क गरि नवीकरण गर्ने वडा सचिवलाइ तालिम भइ Biometric scanner Device वितरण गरेको छ।

## ३.२. न्यायीक समितिः

- ✓ १ वटा लेनदेन समबन्धीको उजुरी दर्ता भएकोमा न्यायिक समितिको छलफलमा भएको मिलापत्र/मेलमिलाप केन्द्रबाट मिलापत्र भइ फछ्यौंट गरिएकोछ ।

- ✓ दर्ता भएको १ वटा विवाद छलफलको क्रममा रहेकोछ ।
- ✓ सबै वडाहरुमा मेलमिलाप सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरिएको।
- ✓ ८ वटा विद्यालय स्तरीय कानुनी सचेतना कार्यक्रम संचालन गरिएको।

### ३.३. प्रशासन शाखाः

(२०८१ चैत्र देखि २०८२ असार मसान्तसम्म)

## ✧कर्मचारी पदपूर्ति सम्बन्धीः

### ✧ स्थायी सेवामा कर्मचारी पदपूर्ति विवरणः

| क्र.स | पद/सेवा | पदपूर्ति संख्या (जना) | कैफियत |
|---|---|---|---|
| १. | सहायक पाँचौं (अप्राविधिक)/ सामान्य प्रशासन सेवा | २ | |

### ✧ करार सेवामा कर्मचारी पदपूर्ति विवरणः

| क्र.सं. | पद | पदपूर्ति संख्या (जना) | कैफियत |
|---|---|---|---|
| १. | हलुका सवारी चालक | १ | |
| २. | सरसफाईकर्मी | १ | |
| ३. | अ.न.मी. | २ | |
| ४. | स्टाफ नर्स(पाँचौं) | १ | |

### ✧ कर्मचारी सरुवा सम्बन्धी विवरणः

| क्र.स. | पद | सेवा | संख्या (जना) |
|---|---|---|---|
| १ | हेल्थ असिष्टेन्ट | स्वास्थ्य सेवा | १ |
| २ | सि.अ.हे.व. | स्वास्थ्य सेवा | १ |

## ✧ नियमित कामकाज तर्फः

- नव नियुक्त कर्मचारीहरुको नियुक्ति पत्र, हाजिरी, पदस्थापन, सपथ ग्रहण तथा स्वागत गरिएको।

- सरुवा भई जाने कर्मचारीहरुको सरुवा/रमाना मा आवश्यक कार्यहरु र बिदाई कार्यक्रम गरिएको।
- प्रदेश सुशासन केन्द्रमा सेवा प्रवेश तालिमको लागि सहभागी पठाइएको (१जना)।
- २ जना नव नियुक्त कर्मचारीहरुको सम्पति विवरण फारम अनलाइन प्रविष्टि गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको।
- ३ जना कर्मचारीहरुको वैयक्तिक विवरण (सिटरोल) संकलन गरी प्रदेश कितावखानामा दर्ताको लागि पठाइएको।
- करार सेवा तर्फका सबै कर्मचारीको आ.व.२०८१/०८२ को कार्यसम्पादन मूल्याङ्कन फारम संकलन/दर्ता गरी सुपरिवेक्षक समक्ष पेश गरेको।
- कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न तालिममा सहभागी गराइएको।
- आवश्यकता अनुसार कर्मचारीहरुलाई वडा तथा शाखाहरुमा थप कार्य जिम्मेवारी दिइएको।
- मासिक कर्मचारी बैठक व्यवस्थापन भएको ।
- दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको।
- मितिः२०८२ जेठ १५ गतेका दिन गणतन्त्र दिवसको अवसरमा दिप प्रजलन कार्यक्रम गरिएको।
- कार्यपालिका बैठक र गाउँसभा अधिवेशन व्यवस्थापन गरिएको।साथै बैठकका निर्णयहरु व्यवस्थित र सुरक्षित गरिएको।
- विभन्न आवश्यक सूचना तथा जानकारीहरु पत्राचार गरिएको ।
- विभिन्न चिठीपत्रहरुको पत्रव्यवहार गरिएको।
- दर्ता र चलानी व्यवस्थित गरिएको।
- अभिलेख व्यवस्थापन व्यवस्थित र सुरक्षित गरिएको।
- आगामी आ.व.२०८२/०८३ को लागि बजेट, नीति तथा कार्यक्रमहरु तयार भई गाउँसभाबाट पारित भएको।
- कार्यालयमा कार्यरत कर्मचारीहरुको दैनिक हाजिरी, बिदा, काज व्यवस्थापन गरिएको।

### ३.४ राजश्व शाखा तर्फः

**राजश्व संकलनको विवरणः**

| **आ.व २०८१/०८२ मा राजश्व संकलन केन्द्र अनुसार विवरणः** | | | **बार्षिक लक्ष्य** |
|---|---|---|---|
| **क्र.स** | **राजश्व संकलन केन्द्र** | **राजश्व रकम रु.** | **४५,००००।-** |
| १ | सुनापति गाउँपालिका | १८,८१,३३१.३२।- | |
| २ | वडा नं.१ | ६,४९,५४९.००।- | |
| ३ | वडा नं.२ | ६,३२,१८८.०७।- | |
| ४ | वडा नं.३ | ६,३४,१०९.००।- | |
| ५ | वडा नं.४ | ११,३०,४२५.८५।- | |
| ६ | वडा नं.५ | ६,२९,०१०।- | |
| | पशुसेवा केन्द्र | २५,३३२।- | |

| | | |
|---|---|---|
| | जम्मा-५५,८१,९४५.२४।- | |

**राजश्व शाखा अन्तरगत यस अवधिमा सम्पादित कार्यहरुः**

- ✓ व्यावसाय दर्ता अभिमुखिकरण कार्यक्रम संचालन भएकोछ।
- ✓ राजश्व सुधार कार्ययोजना निर्माण समम्पन्न।
- ✓ नियमित राजश्व संकलन कार्य भईरहेको छ भने व्यावसाय दर्ता नविकरण तथा ईजाजत लगायतको कार्यहरु पनि नियमित भईरहेकोछ ।

## ४. पुर्वाधार विकासः

- ✓ यो अवधिमा उपभोक्ता समिति मार्फत कार्यान्वयन भएका साना ठुला गरेर वडा न. १ को १४ वटा, वडा न. २ को १५ वटा, वटा न. ३ को १५ वटा, वडा न. ४ को १८ वटा र वडा न ५ को १६ वटा गरि कुल ७८ वटा योजनाहरुको कार्यसम्पन्न पश्चातको अन्तिम अनुगमन भएकोछ ।
- ✓ कार्यसम्पन्न भई अनुगमन भएका कुल ७८ वटा योजनाहरुको प्राविधिक मुल्यांकन असार भुक्तानी भएको छ ।
- ✓ संचालन भएका योजनाहरुमा दक्ष तथा साधारण कामदारमा गरि करिब ३ सय जनालाई आंशिक रोजगारी उपलब्ध गराईएको छ ।
- ✓ पुर्णसिङको घर डाडा देखि सुनापति सम्म सडक वडा नं ३, सादी डाँडा डोग्मा हुदै गाल्पा सडक स्तरोन्नती वडा नं ३, सांजाखोला वाल मा.वि. भ्वाँसा पालिका जाने सडक स्तरोन्नती वडा नं ५, कामा खोला चौरी खोला सामुदायिक खानेपानी योजना वडा नं ४ लगायत ठुला आयोजनाहरुको ठेक्का सम्पन्न पनि यही अवधिमा भएको र सोको अन्तिम मुल्यांकन गरि भुक्तानी समेत भएको छ ।
- ✓ जग्गा नापजाँच लगायतका भुमी सम्बन्धी कार्यहरु आवश्यकता अनुसार नियमित रुपमा सम्पादन हुदै आएकोछ ।

## ५. वातावरण तथा विपद व्यवस्थापनः

- ✓ विपद व्यवस्थापन समितिको बैठक ३ पटक बसेको छ ।
- ✓ वडा न १ को १ स्थानमा,वडा न. ३ को २ स्थानमा र वडा न. ५ को २ स्थानमा लागेको डढेलो नियन्त्रण गर्ने कार्यभएको छ।
- ✓ सव डिभिजन वन कार्यालय खाँडादेवी संगको सहकार्यमा डडेलो नियन्त्रण सम्बन्धी भिमुखिकरण गरि पालिका स्तरीय डढेलो नियन्त्रण संजाल गठन भएको छ ।
- ✓ विपदको अवस्थामा अस्थायी व्यवस्थापनको लागि त्रिपाल खरिद गरि तयारी अवस्थामा राखिएकोछ भने खोज तथा उद्धारमा प्रयोग हुने औजारहरु पनि व्यवस्थापन गरिएकोछ ।

- ✓ वडा न २, ३, ४ र ५ मा प्रति वडा २५ जनाका दरले स्थानीय विपद स्वयंसेवक समुह गठन कार्य सम्पन्न भएकोछ ।
- ✓ वन डढेलो सम्बन्धी सचेतनामुलक गिति जिंगल र अडियो सूचना द्धारा सबै वडाहरुमा प्रचार प्रसार गरिएको।
- ✓ विपद प्रभावित विभिन्न घरपरिवारलाई आर्थिक सहायता वापत रु. २ लाख वितरण गरिएको छ ।
- ✓ विपद प्रभावित घरपरिवार र क्षतिको विवरण संकलन गरि लाभग्राही पहिचान भएका मध्ये कुल ३८ घरपरिवारको अस्थायी आवास निर्माणको लागि सुनापति स्थानीय प्रकोप व्यवस्थापन कोषमा प्राप्त भएकोछ ।